मिति २०७५।०८।०४ गते मंगलबारको "आर्थिक राष्ट्रिय दैनिक" मा प्रकाशित

MBK JCL

**मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड**

महाराजगंज, काठमाडौं ।

**सातौं बार्षिक साधारण सभासम्बन्धी सूचना ।**

यस कम्पनीको सञ्चालक समितिको मिति २०७५/०७/२८ गतेको १८७औं बैठकको निर्णयानुसार निम्न स्थान, मिति र समयमा निम्न विषय-सूचीमा छलफल एवं निर्णय गर्न कम्पनीको **सातौं** बार्षिक साधारण सभा बस्ने भएकाले शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधि मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने स्थान, मिति र समय :**

स्थान : मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.को केन्द्रीय कार्यालय, महाराजगंज, काठमाडौं ।

मिति : २०७५/०८/२६ गते, बुधबार (तदानुसार डिसेम्बर १२, २०१८) ।

समय : अपरान्ह ४:३० बजे ।

**साधारण सभामा छलफल हुने विषयसूची:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट आ.ब.२०७४/०७५ को बार्षिक प्रतिवेदनको प्रस्तुति र सो को स्वीकृति ।

२. लेखापरीक्षण प्रतिवेदनसहित २०७५ साल आषाढ मसान्तको वासलात र आर्थिक वर्ष २०७४/०७५ को आय विवरण तथा नगद-प्रवाह विवरण र अनुसूचीहरु सहितको वित्तीय बिवरणहरुमा छलफल गरी पारित गर्ने ।

३. आ.ब.२०७५/०७६ को हिसाब लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. **विशेष प्रस्ताव :**

(क) विभिन्न संघ संस्थाहरुलाई आर्थिक सहायता दिइएको रकम अनुमोदन सम्बन्धमा ।

(ख) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

५. बिबिध ।

MBK JCL
ESTD. 2010
मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

सञ्चालक समितिका आज्ञाले,

कम्पनी सचिव

२०७५/०८/०३